## शितगंगा नगरपालिकाको
### आ.व. ०८२/०८३ को

# प्रथम चौमासिक सार्वजनिक सुनुवाई प्रतिवेदन

सार्वजनिक सुनुवाई मिति २०८२/५/२०

CamScanner

आज मिति २०८१।५।२० गतेका दिन शितगंगा नगरपालिकाको आयोजनामा प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम नगरपालिकाको हलमा नगर प्रमुख श्री हरिलाल पौडेलको अध्यक्षतामा निम्न उपस्थिति मा संचालन गरियो।

[signature]

उपस्थिति

| क्र.सं. | नाम थर | पद | कार्यालय / ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री हरिलाल पौडेल | नगर प्रमुख | शितगंगा नगरपालिका | [signature] |
| २. | श्री गीता भाट | नगर उप-प्रमुख | शितगंगा न.पा. | [signature] |
| ३ | श्री कृष्ण प्रसाद खापकोटा | प्र० प्र० अ० | ,, ,, | [signature] |
| ४ | श्री दामोदर न्यौपाने | नगर प्रवक्ता | ,, ,, | [signature] |
| ५ | श्री मान बहादुर रिजाल पती | वडा अध्यक्ष | शि०न०पा०-१ | [signature] |
| ६ | श्री राम बहादुर गोरखा | ,, ,, | ,, -२ | [signature] |
| ७ | श्री चित्तराज अधिकारी | ,, ,, | ,, -३ | [signature] |
| ८ | श्री दामोदर अधिकारी | ,, ,, | ,, -४ | [signature] |
| ९ | श्री चन्द्रमणी वेल्वासे | ,, ,, | ,, -५ | [signature] |
| १० | श्री ऋषि बहादुर रेश्मी | ,, ,, | ,, -६ | [signature] |
| ११ | श्री देविराम घिमिरे | ,, ,, | ,, -७ | [signature] |
| १२ | श्री रुक बहादुर आले | ,, ,, | ,, -८ | [signature] |
| १३ | श्री भिम बहादुर के.सी | ,, ,, | ,, -९ | [signature] |
| १४ | श्री केशव प्र० वेल्वासे | ,, ,, | ,, -१० | [signature] |
| १५ | श्री नवराज भुसाल | ,, ,, | ,, -११ | [signature] |
| १६ | श्री चोप बहादुर कुंवर | ,, ,, | ,, -१२ | [signature] |
| १७ | श्री दुर्गा बहादुर वि.सी | ,, ,, | ,, -१३ | [signature] |
| १८ | श्री हेमकला वि.क. | कु०पा०स० | शि०न०पा० | [signature] |
| १९ | श्री विष्णु भट्टराई | ,, | ,, | |
| २० | श्री जंगा थापा | ,, | ,, | [signature] |
| २१ | श्री कमला परियार | ,, | ,, | कमला |
| २२ | श्री पुस्पा गाहा | ,, | ,, | पुष्पा |
| २३ | श्री मान बहादुर नेपाली | ,, | ,, | [signature] |
| २४ | श्री चुरा क वि.क | ,, | ,, | [signature] |
| २५ | श्री वोम बहादुर वि.क | ,, | ,, | |
| २६ | श्री दिपक सिंह विष्ट | प्र० निरिक्षक | इ० प्र० का ठडा | [signature] |
| २७ | श्री मोहन पंथी | सभापती | नेपाली कांग्रेस | [signature] |
| २८ | श्री संजय दाहाल | न.क. अध्यक्ष | नेकपा एमाले | [signature] |

| क्र.सं | नाम थर | पद | कार्यालय / हैसियत | हस्ताक्षर |
|---|---|---|---|---|
| २९ | माणिराम अधिकारी | प्र० सदस्य | माओवादी केन्द्र | [signature] |
| ३० | कमल पौडेल | सभापती | रा० स्व० पा० शि० न० पा० | [signature] |
| ३१ | देविराम गौरे | | राप्रपा | [signature] |
| ३२ | अर्जुन बुढामगर | | एकीकृत समाजवादी | [signature] |
| ३३ | गोविन्द थापा | | राजमो | [signature] |
| ३४ | केदार वेल्वासे | जि० सचिव | नेकपा माले | [signature] |
| ३५ | मधु बहादुर साउद | | जनमुक्ती | [signature] |
| ३६ | | | मंगोल नेशनल अर्गनाइजेशन | |
| ३७ | डिल बहादुर विश्वकर्मा | जि० इ० पा० इन्चार्ज | नेकपा माओवादी विप्लव | डिलबहादु |
| ३८ | कुमार केशव सिंह वेल्वासे | अध्यक्ष | ज्योती भविष्य व्यापार | [signature] |
| ३९ | | प्र० | प्रा० स० के० ढाडा | |
| ४० | लक्ष्मण पंथी | अध्यक्ष | उ० वा० संघ | [signature] |
| ४१ | | | नागरिक समाज | |
| ४२ | | | जेष्ठ नागरिक | |
| ४३ | विष्णु क्षेत्री | अध्यक्ष | महिला संजाल | [signature] |
| ४४ | | | मगर संघ | |
| ४५ | तारापती क्षेत्री | अध्यक्ष | अपाङ्ग संस्था | तारापती |
| ४६ | | | पाल सञ्जाल | |
| ४७ | विष्णु कुमार आले | पत्रकार | रापिवार टेलिभिजन | [signature] |
| ४८ | अराज सिंह वेल्वासे | " | रेडियो शितगंगा | [signature] |
| ४९ | विक्रम मुस्कान आचार्य | " | रातो प्रेस / न्युज पाना | |
| ५० | रामलाल भट्टराई | समाजसेवी | शि० न० पा० - ३ | रामलाल |
| ५१ | धनिश्वर वेल्वासे | " | " - ४ | [signature] |
| ५२ | चिरञ्जिवी आचार्य | " | " - ४ | [signature] |
| ५३ | जिवलाल वेल्वासे | " | " - ४ | जीवलाल |
| ५४ | यमलाल आचार्य | व्यवसायी | शि० न० पा० - १० | [signature] |
| ५५ | नारायण सिंह वेल्वासे | समाजसेवी | " - ४ | [signature] |
| ५६ | राम प्रसाद वेल्वासे | नि० वर्ष्या प्र | ज्योति मा० वि० | [signature] |
| ५७ | लक्ष्मण पन्थी | अध्यक्ष व्यवसाई | शितगंगा उद्योग वाणिज्य संघ | [signature] |
| ५८ | तिलक शर्मा अधिकारी | [illegible] | शितगंगा - ४ [illegible] | [signature] |
| ५९ | धन ब० राना | कृषक | शि० न० पा० ४ | धनबहादुर |
| ६० | नरेन्द्र वेल्वासे | समाजसेवी | शि० न० पा० ३ ढाडा | [signature] |

| क्र.सं. | नाम थर | पद | कार्यालय / ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| ६२ | तारा प्रसाद पौडेल | जेष्ठ नागरिक | जेष्ठ नागरिक मञ्च | |
| ६३ | विष्णु मग्राती | व.कृ.वि.अ. | MoAD, काठमाडौं / NAMP | |
| ६४ | अजित कुमार यादव | ना.प.से.प्र. | शितगंगा, पशु सेवा शाखा | |
| ६५ | मनिस महतारा | ना.प.वि.प्र. | NAMP Arghakhanchi | |
| ६६ | हेमन्त कुमार भट्टराई | ना.प.वि.प्र. वड कार्यालय | शितगंगा र लाहापे | |
| ६७ | वसुन्धरा पौडेल | व्यवस्थापक | आधारशिला लाना बिसान | |
| ६८ | तेजकला पौडेल | अध्यक्ष | " " " | |
| ६९ | कुमकुमारी रेग्मी | अध्यक्ष | शि.न.पा. एकल महिला संजाल | |
| ७० | मीना पन्थी | वडा सचिव | शि.न.पा. ३ | |
| ७१ | कुसुम थापा | वडा सचिव | शि.न.पा. ४ | |
| ७२ | विष्णु माया भट्टराई | वडा सचिव | शि.न.पा. १४ | |
| ७३ | विष्णु गुरुङ | उपाध्यक्ष | शि. कृषि तथा पशु वि. सहकारी | |
| ७४ | सुनिता के.सी. | अध्यक्ष | सिद्धार्थ कृषि तथा पशु वि.स. सहकारी | |
| ७५ | सुशिला आचार्य | व्यवस्थापक | " " " " | |
| ७६ | विष्णु के.सी. | अध्यक्ष | श्री सिमलपानी सानाकिसान | |
| ७७ | सरिता गुरुङ | सा.प. | साना किसान कृषि सहकारी संस्था शि.न.पा. ४ | |
| ७८ | कृष्ण दर्लामी मगर | व्यवस्थापक | गंगाजल कृषि तथा पशुपालन म.स. सं. लि. शि.न.पा. ४ | |
| ७९ | शंकर अर्याल | प्र.अ. | श्री ज्योति मा.वि. ठाडा | |
| ८० | उमानन्द अधिकारी | समाजसेवी | शि.न.पा. ठाडा | |
| ८१ | मिनबहादुर थापा मगर | व्यवसाय | शि.न.पा. ६ ठाडा | |
| ८२ | श्याम सुन्दर ढकाल | व्यवसाय | शि.न.पा. ६ ठाडा | |
| ८३ | भक्तिराम न्यौपाने | कृषि कार्यक्रम | शि.न.पा. ५ | |
| ८४ | तुलसीराम घिमिरे | वार्ड सदस्य | शि.न.पा. १२ | |
| ८५ | टिपक आत्रेय | PPKM Office | LFSP | |
| ८६ | विजय आचार्य | सचिव | शि.न.पा. वा.नं. ४ | |
| ८७ | केशवराज आचार्य | | शि.न.पा. २ | |
| ८८ | [illegible] राज न्यौपाने | | शि.न.पा. ३ | |
| ८९ | नारायण न्यौपाने | शि.न.पा. ४ | उद्योग वाणिज्य संघ | |
| ९० | योगमाया घिमिरे | शि.न.पा. | प्रा.स्वा.के. [illegible] | |
| ९१ | तारापति जोशी | अध्यक्ष | दे.अ.उ. समाज अ. लि. | |
| ९२ | राम प्रसाद गौतम | वडा सचिव | शि.न.पा. ५ | |
| ९३ | राज कुमार डोटे | वडा सदस्य | शि.न.पा. ३ | |
| ९४ | विमला रिसाल | अ. कार्यालय | शि.न.पा. ६ | |

| सि.नं. | नामथर | पद | कार्यालय/ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| ९६. | करिना थारु | अमिन | सि.न.पा. ३ | [signature] |
| ९७ | रमा पाण्डे | सि.प्र.अधिकृत | शि.न.पा. | [signature] |
| ९८ | कमला बुढा | उ.वि.स. | शि.न.पा. | [signature] |
| ९९ | सुधा पौडेल | समाजसेवी | शि.न.पा. १३ | [signature] |
| १०० | विनोद खड्का | अभिभावक | शि.न.पा. | [signature] |
| १०१ | भक्तिराम घिमिरे | स्थानिय | शि.न.पा. १२ | [signature] |
| १०२ | चन्द्रिका प्रसाद पाल | स.कृ.वि.अ. | शितगंगा नगरपालिका | [signature] |
| १०३ | अजय कुमार यादव | डे.डिं.इ. | ३ धोर्का भारवा | [signature] |
| १०४ | चन्द्रकला डाँगी | ना.प.से.प्रा. | शितगंगा नगरपालिका | [signature] |
| १०५ | संगम थापा | ना.प्रा.स. | " " | [signature] |
| १०६ | लक्ष्मी भट्टराई | स.क.अ | " " | [signature] |
| १०७ | बसन्ता पुन | स.ई | शितगंगा " वडा ३ | [signature] |
| १०८ | गणेश पौडेल | स्थानिय | " " " २ | [signature] |
| १०९ | राम्रु आचार्य | वडा सचिव | शितगंगा वडा नं ११ | [signature] |
| ११० | सुभाष बानाई | वडा सचिव | शितगंगा - १ | [signature] |
| १११ | सन्तोष पन्थी | सि.लेखा अधिकृत | शितगंगा नगरपालिका | [signature] |
| ११२ | प्रकाश बेलवासे | अ.स.ई | शितगंगा तिर्थ | [signature] |
| ११३ | तुलसी एन पौडेल | " | " | [signature] |
| ११४ | तेज कुमार बेलवासे | " | " | [signature] |
| ११५ | लक्ष्मण पौडेल | सि.अ.हे.व | शितगंगा न.पा | [signature] |
| ११६ | भुपाल सिंह डाँगी | ने.फ.लघु.उ. | शि.न.पा. ६ | [signature] |
| ११७ | अनिल कुमार शर्मा | सं.क.डे.अ. | कृषि विकास शाखा | [signature] |
| ११८ | कुलराज पौडेल | अध्यक्ष | ए.पु.पा. शि.न.पा. | [signature] |
| ११९ | रमेश प्रसाद बेलवासे | संजगा स. | शितगंगा न.पा. | [signature] |
| १२० | नारायण पाण्डे | इन्जिनियर | शि. न. पा. | [signature] |
| १२१ | कमल पन्थी | स.प्र.अ. | शि.न.पा. | [signature] |
| १२२ | बासुदेव भट्टराई | सिपाहि | शि.न.पा. १३ | [signature] |
| १२३ | यज्ञ ब घिमिरे | सहायक | शि.न.पा. १३ | [signature] |
| १२४ | धर्मराज खनाल | MIS operator | शि.न.पा. | [signature] |
| १२५ | जुद्दन आचार्य | का.स. | शि.न.पा. ३ | [signature] |
| १२६ | [illegible] कुमार घिमिरे | शिक्षक | शितगंगा, करौ | [signature] |
| १२७ | [illegible] | [illegible] | " | [signature] |
| १२८ | भरत विश्वकर्मा | अ.हे.व | शि.न.पा. | [signature] |

| सि.नं. | नाम थर | पद | कार्यालय / ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १३९ | पुजा न्यौपाने | स.म.वि.नी | शि.न.पा | |
| १४० | निर्मला खनाल | का.स. | " | |
| १४१ | शकुन्तला भा. क्षेत्री | का.स | " | |
| १४२ | प्रकाश अधिकारी | का.स | " | |
| १४३ | अर्जुन थापा | इ.स.प्रा | " | |
| १४४ | मधुकला गुराल | का.स. | शि.न.पा. | |
| १४५ | चौपव कुँवर | " | " | |
| १४६ | Khagendra Tiwari | जनप्रतिनिधि | शितगंगा ८ | |
| १४७ | हेमन्त कुमार भट्टराई | वडा सचिव | शितगंगा ८ | |
| १४८ | चोपकला गुराल | व्यवस्थापक | जा.कृ.ल.प.कि.मि.शाखा शि.न.पा. | |
| १४९ | मन्जीरा बराल भाट | कोषाध्यक्ष | " " | |
| १५० | विष्णु प्रसाद आर्याल | अ.म.ग. | शितगंगा उपप्रमुख | |
| १५१ | चन्द्र बहादुर रेश्मी | | शितगंगा नगरपालिका | |
| १५२ | तुलसीलाल खनाल | प्र. अधिकृत | शितगंगा न.पा. | |

# शितगंगा नगरपालिका ठाडा, अर्घाखाँचीको
# आ.व. २०८२/०८३ को प्रथम चौमासिक
# सार्वजनिक सुनुवाई प्रतिवेदन

प्रमुख प्रशासकीय अधिकृ

**पृष्ठभूमी:**

आर्थिक वर्ष २०८२/०८३ को यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार गरेको/गरिने कार्य तथा अन्य निकाय, गैससहरुबाट यस नगरपालिका क्षेत्रमा भएको कार्यहरु र सेवा प्रवाहको सन्दर्भमा नगरकार्यपालिकाका सदस्यहरु, पत्रकार, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, उद्योग वाणिज्य संघ, अपाङ्ग संस्थाका प्रतिनिधिहरु, जेष्ठ नागरिक समाजका प्रतिनिधि, महिला संजाल, गैससका प्रतिनिधिहरु समेतको उपस्थितिमा भएगरेको कार्य, खर्च पारदर्शिता विकास निर्माण, सेवा प्रवाह, सुशासन समेतका विषयमा आवश्यक छलफल तथा राय सुझाव प्राप्त गर्ने र सो का आधामा सुधार गर्नु पर्ने विषयहरुमा सुधार गरी आगामी दिनमा थप सुधार गर्ने उदेश्यले प्रथम चौमासिक सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ ।

**प्रथम चौमासिक सार्वजकिन सुनुवाई कार्यक्रमको उदेश्य:**

नगरपालिकाको स्वीकृत कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गरेको कार्य, पालिकाबाट भएका विभिन्न क्षेत्रका विकास निर्माण, सेवा प्रवाह, सुशासन, खर्च, पारदर्शिता समेतको विषयमा यस नगरक्षेत्र भित्र विभिन्न निकायबाट भए गरेका कार्यको समेत विषयमा राय सुझाव प्राप्त गरी आगामी दिनमा सुधार गर्नु पर्ने भए सुधार गरी कार्यान्वयमा थप प्रभावकारीता ल्याउने तथा नगर वासीहरुलाई जानकारी गराउने उदेश्यले प्रथम चौमासिक सार्वजनिक सुनुवाई गर्नु यसको उदेश्य रहेको छ ।

**प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन देहाय बमोजिम रहेको :**

क) अध्यक्षता ग्रहण तथा कार्यक्रम शुरु भएको घोषणा,

ख) कार्यक्रमको उद्देश्य माथि प्रकाश,

ग) आचार संहिताबारे जानकारी,

घ) गरेको कार्य प्रस्तुतिकरण,

ङ) सहभागीहरुबाट तोकिएको बिषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन,

छ) नगरपालिकाका जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने,

झ) स्पष्टता पछि थप जिज्ञासाको आह्वान गर्ने,

ञ) सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने,

ट) समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन गर्ने,

CamScanner

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय टाँडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**कार्यक्रममा लागु गरिएको आचारसंहिता:**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नु पर्नेछ ।

२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नु पर्नेछ ।

३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नु पर्नेछ ।

४ प्रश्न गर्दा प्रस्तुत विषयलाई लक्षित गरी राख्नु पर्ने ।

५ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

६ सार्वजनिक सुनुवाईमा वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा मर्यादामा आँच आउने भावनाबाट भनाइ राख्न वा बोल्न नपाइने ।

**प्रथम चौमासिक सार्वजनिक सुनुवाईको मुख्य प्रतिवेदन:**

- सुनुवाई कार्यकमको संयोजन गर्ने :- नगर प्रमुखबाट
- सार्वजनिक सुनुवाई गरिएका विषयवस्तुहरु

(क) विकास निमार्ण (ख) सेवाप्रवाह (ग) आम्दानी खर्च (घ) नीतिगत निर्णय (ङ) ऐन कानुन

कार्यक्रम आयोजना स्थल :– शितगंगा नगरपालिकाको सभा हल

कार्यक्रम आयोजना गरिएको मिति : २०८२/५/२० गते

समय : दिनको ११.०० वजे देखि

कार्यक्रम सञ्चालन गरिएको समयावधि ७ घण्टा ( दिनको १२.०० बजे देखि दिउसो ७.०० बजे सम्म

उठेका प्रश्न/जिज्ञासा र जवाफ :

| क्र म संख्या | गुनासो कर्ताको नाम | प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारी को नाम | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | अराज वेल्वासे | • नगरपालिकामा नगर प्रमुख भई माला लगाउदा कक्षा १२ सम्मको शिक्षा निःशुल्क भन्ने तर विद्यार्थीले रकम बुझाउनु पर्ने ।<br>• शितगंगाले कपिलवस्तुको वणगंगामा वडा कार्यालय खोलियो भन्ने छ के हो | नगर प्रमुख | बाह्र कक्षा सम्मको निःशुल्क शिक्षा हो यसमा रकम लिन मिल्दैन के भएको छ अध्ययन गरी समाधान गरीनेछ । वडा कार्यालय खुलेको कुरो औपचारीक रुपमा नगरपालिकालाई जानकारी छैन यस विषयमा अध्ययन गरी आवश्यक व्यवस्था गरिने छ । |

| | | | | |
|---|---|---|---|---|
| | | यसै गर्दै अन्यत्र बजार क्षेत्रमा खोल्दै जाने हो की जसलाई जहामन लाग्यो त्यहाँ खोल्ने ।<br>• सवै सहकारी मार्फत भनि रु ३ लाखका दरले वजेट विनियोजन मिलेन भुगोल वडाको जनसंख्या आदीको आधारमा दिनु पर्ने ।<br>• संकलन केन्द्र र चिस्यान केन्द्र वन्द डमरुदम समेत को आवश्यक व्यवस्थापन के हो ?<br>• खेलकुद शितगंगा भन्दा बाहिर नपठाई यही गर्नु पर्छ ? | | सहकारीको सन्दर्भमा सुरुवाती मोडालिटी हो यसको प्रभाव हेरेर आगामी दिनमा थप व्यवस्थित गरिने छ ।<br>संकलन केन्द, चिस्यान केन्द्र, डमरुदह समेतका विषयमा कार्यविधि वनाई संचालनको आवश्यक व्यवस्था गरिने छ ।<br>खेलकुदको सन्दर्भमा पठाउनै पर्नेमा बाहेक नपठाईने प्रतिवद्धता व्यक्त गरिएको । |
| २ | नारायण बन्जाडे | • व्यवसाय दर्ता तथा नविकरणको पूर्ण रुपमा कार्यान्वयन गर्नु पर्ने पुन: एक पटकको लागि कर छुट दिनु पर्ने ।<br>• नगर पालिकाले आफै संचालन गरेको वडा नं. ३ को कृषि फर्मको आम्दानी र खर्च के कति छ हिसाव किताव पारदर्शि हुनु पर्ने, राम्रो नराम्रो अध्ययन गरेर अन्य वडाहरुमा समेत लैजानु पर्ने ।<br>• नेपीयर घासको विउँ यही पाइनेमा बाहिरबाट खरिद गरी किन ल्याएको यहाँका किसानले फाइदा लिने थिए बाहिरबाट ल्याउनु भएन ।<br>• विमामा कमसल खालको औषधी, ल्यावको केमिकल समेत कमशल ल्याएकोले रोग पत्ता लगाउन गाह्रो भएको छ ।<br>• प्राथमिक स्थास्थ्य केन्द्र भवनको अवस्था त्यस्तो छ कहिले निर्माण सम्पन्न हुने हो ।<br>• यस नगरपालिकामा ६ वटा एम्बुलेन्स मध्ये ४ वटा सञ्चालनमा छन् तर तिनको आम्दानी कता छ खर्च नगरले गरेको भन्ने सुनिन्छ के.हो ।<br>• एम्बुलेन्स एक्सिडेन्ट भएर ड्राइभर | नगर प्रमसु, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत | व्यवसाय दर्ता नविकरणको विषयमा कर छुटका लागि नगर सभामा पेश गर्न पहल गरिने प्रतिवद्धता व्यक्त ।<br>वडा नं. ३ को कृषि फर्मको विषयमा सुरुको वर्ष भएकोले स्टक्चरमा लगानी धैरै भएको छ अब प्रतिफल मात्र आउदा फाईदा हुन्छ । अब मुल्याङ्कन गर्ने समय हुदै छ । त्यस पश्चात सुझाव बमोजिम गरिने छ ।<br>घास खरिदको सर्न्दभमा श्रोतकेन्द्र हुनु पर्ने र पानमा दर्ता भएको फर्म हुन पर्ने त्यस प्रकारको फम वा किसान यहाँ नभएकोले बाहिर बाट खरिद गरी ल्याईएको हो । यहाँ ति प्रकृया पुगेको कोही भएमा सोही बाट खरिद गर्न सकिने व्यहोरा जानकारी गराईएको ।<br>विमामा कमसल औषधी, ल्याव टेष्ट केमिकल कमशल भन्ने सन्दर्भमा त्यस प्रकारको कमशल खरिद गर्न नपाईने के कसो रहेछ थप अध्ययन गरी त्यस प्रकारको पाईएमा संलग्नलाई आवश्यक कारवाही गरिने छ ।<br>प्राथमिक स्वास्थ्य केन्द्र भवन नगरपालिकाले नवनाएको संघीय सहरी मार्फत वनेकोले त्यस कार्यालयलाई ताकेता गर्ने कार्य भई रहेको छ ।<br>एम्बुलेन्सको हिसाव किताव व्यवस्थित गर्न पहल गरिने । |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | जेल मान्छे मारेको छैन आवश्यक पहल खोई ।<br>• वडामा जाने ४४ लाखको पारदर्शिता खोई ।<br>• मनपरी भ्रमण खर्च गर्नु भएन । सभाका सदस्यले बनाएको कानुन बमोजिम गर्नु पर्ने ।<br>• वडा नं. १२ मा नापी बाँकी छ तर विशेष नापी जान लागेको छ नापी सम्पन्न गरेर मात्र पठाउनु पर्ने ।<br>• सरकारी गाडी बाइकको विलबुक नविकरण समयमा नगरेर जरीवाना लाग्ने गरको छ भन्ने छ समयमै बुझाउनु पर्ने । | | एम्बुलेन्स एक्सिडेन्ट ट्राईभर र एम्बुलेन्स समेतको विषयमा कार्यालयबाट पहल भई रहेको छ ।<br>वडाको ४४ लाखको खर्च पारदर्शि रहेको यहाँहरुले ४० लाखको नगर पुस्तीकामा छ र ४ लाख वडा संचालन चालु खर्चको विषयमा चाहेको बखत कार्यालयबाट जानकारी प्राप्त गर्न सक्नु हुने छ ।<br>मनपरी भ्रमण खर्च नदिईएको ।<br>नापीको सर्न्दभमा आवश्यक छलफल भई रहेको छ ।<br>सकेसम्म समयमै नविकरण भई रहेका छन् । यदी कही छुटेर त्यस्तो भएको भए आगामी दिनमा सुधार गरिने छ । |
| ३ | भक्तिराम घिमिरे | • नीजि क्षेत्रका मेडिकलहरुले औषधी विकी गर्दा ल्याव पढेकोले औषधी विकी गर्ने, फारमासिस्टले भिडियो एक्सरे गर्ने अनुगमन गरी कारवाही गर्नु पर्ने ।<br>• विद्यालय मर्ज गर्दा टाढाका विद्यार्थीले दुख पाए विद्यार्थी पढ्न पाउने अधिकारबाट बन्चीत हुने अवस्था छ ।<br>• शिक्षा बाट विद्यालयहरुको अनुगमन भएन ।<br>• डोहोटे बाट रजिया पढ्न आउने विद्यार्थी असुरक्षित हुनुको साथै दुख पाए ल्याउने लैजाने व्यवस्थान नगरले मिलाउनु पर्ने ।<br>• जनप्रतिनिधिका बालबालिका सार्वजनिक विद्यालयमा पढाउनु पर्ने ।<br>• दरवन्दी मिलान राम्रो भएन ।<br>• शिक्षक विद्यार्थी अभिभावनको बिचमा समन्वय भएन । | नगर प्रमसु, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सुचना अधिकारी | मेडिकलहरुको कडाईका साथ अनुगमन गरी दोसी देखिएमा कारवाही गरिने छ ।<br>विद्यार्थीले दुःख पाएको विषयमा अनुगमन /अध्ययन गरी के गर्न सकिन्छ थप छलफल गरिने छ ।<br>विद्यालयहरुको अनुगमनलाई प्रभावकारी वनाईने छ ।<br>डोहोटेबाट रजिया आउने विद्यार्थीको विषयमा के गर्न सकिन्छ छलफल गरिने छ ।<br>सार्वजनिक विद्यालयमा पढाउने विषयमा विद्यार्थीको चाहना अनुसार विद्यालय छनौट गरी पढ्न् पाउने अधिकार भएकोले विद्यार्थीको चाहना भन्दा बाहिर गई गर्न नसकिएको हो ।<br>दरवन्दी मिलान ठूलो प्रयास बाट सम्पन्न भएको छ । नमिलेका विषयमा आगामी दिनमा आवश्यक व्यवस्थापन गर्दै लगिने छ ।<br>शिक्षक अभिभावक र विद्यार्थी विच समन्वय गरी गराई शिक्षा सुधार गरिने । कुनै कार्यकम वा बैठकमा भएर हुन सक्ने पछी कल फर्काउने गरेको कतै त्यस्तो भएको भए सुधार गरिने छ । |

प्रमुख प्रशासकीय अधिकृत

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय टाढा, अर्घाखाँची लुम्बिनी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | • सूचना अधिकारीको फोन उठेन ।<br>• कार्यालय समयमा कर्मचारी नहुनु राम्रो भएन । | | कार्यालय समयको परिपालना कडाईका साथ गरिने छ । |
| ४ | तुल्सीराम घिमिरे | • कृषि र शिक्षा सम्बन्धि अनुगमन विना सेवा प्रवाह कटौती किन ?<br>• बसाई सराई किन भई रहेको छ । वस्ती किन उजाड छ पत्ता लगाउनु पर्ने ।<br>• वडा नं. १२ पिरापानीमा चुनढुङ्गा डम्पीङ्गको विषयमा न्यायीक समितिमा निवेदन दिदा समाधान भएन किन ? | नगर प्रमसु, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत | कृषि र शिक्षा सम्बन्धि अनुगमन तथा अध्ययन गरी निर्णय लिईएको हो । उक्त विषयमा केही नमिलेको वा सुधार गर्नु पर्ने विषय भए सबैको राय सुझाव अनुसार गर्दै लगिने छ ।<br>बसाई सराईको विषय सबैको चिन्ता र चासोको विषय हो कुन क्षेत्रबाट बढी गएको छ रोक्न के गर्न सकिन्छ यहाँहरुको सुझाव र नगरपालिकाले अध्ययन गरी कार्य गर्ने प्रतिवद्धता व्यक्त गरिएको ।<br>चुनढुङ्गा डम्पीङ्गको विषयमा न्यायीक समितिले निर्णय गरी सम्बन्धित निकायमा पठाईएको छ । |
| ५ | विष्णु क्षेत्री | • सहकारीको काम, कर्तव्य सम्बन्धि तालिम दिनु पर्ने ।<br>• सहकारीले लगानी गरेको ऋण उठाउन सबैले साथ दिन पर्ने । | प्रमुख प्रशासकीय अधिकृत | सहकारीका पदाधिकारीहरुलाई आगामी दिनमा आवश्यक तालिम प्रदान गरिने छ ।<br>ऋण उठाउने विषयमा नगरपालिकाले खेल्नु पर्ने भुमिका के निभाउनु पछ । त्यसमा नगरपालिकाले आवश्यक साथ दिने छ । |
| ७ | कुलराज पौडेल | • नगरपालिकामा आएर ६/७ पटक लिखित मौखिक कुराहरु राख्दा सुनिएन किन ?<br>• खरको छाना मुक्त भन्ने खरका छान धैरे देखिने किन ?<br>• शिक्षा सुधारको लागि शिक्षकले छोराछोरी बोडिङ्ग पठाउन नहुने ।<br>• शिक्षक सरुवा प्रत्येक २/२ वर्षमा गर्नु पर्ने ।<br>• दहमा शौचालय गलत स्थानमा बनेकोले सो लाई प्रयोगमा ल्याउन नहुने ।<br>• अस्पतालमा खोजेको औषधी नपाईने किन ? | नगर प्रमसु, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत | यहाँहरुले पेश गरेको निवेदन समेतलाई मध्यनजर राख्दै सुधार गर्नु पर्ने कुराहरु सुधार गर्दै लगिएको र आवश्यक जानकारी समेत गराउदै आइएको ।<br>खरको छाना मुक्त कार्यकमको लागि चालु आ.व.मा नगरपालिकाले थप बजेट व्यवस्थापन गरेको छ ।<br>विद्यार्थीले विद्यालय छनौट गरी पढ्न् पाउने अधिकारबाट वञ्चित गर्न नसकिने भएकोले न.पा.बाट अनिवार्य गर्न नसकिएको ।<br>शिक्षक सरुवाको विषयमा थप अध्ययन गरिने छ ।<br>दहको शौचालयका विषयमा स्थानीयहरु लगायत सबैको परामर्शमा आवश्यक व्यवस्थापन गरिने छ ।<br>नि:शुल्क वितरण गर्नु पर्ने औषधी अभाव |

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

सितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | • अधुरो अस्पताल भवन पुरा किन भएन । | | हुन नदिएको सो भन्दा बाहिरको औषधी अस्पतालमा नाईने व्यहोरा जानकारी गराईएको ।<br>नगरपालिकाले निर्माण सुरु नगरी संघीय सहरी कार्यालय भैरहवाबाट भएकोले छिटो सम्पन्न गर्न यस कार्यालयबाट ताकेता भई रहेको छ । |
| ८ | विजय आचार्य | • विनियोजन १० लाख तर खर्च १३ लाख १० हजार भएको रहेको सो विषय के हो । | प्रमुख प्रशासकीय अधिकृत | उक्त खर्च रकम वडा तर्फको रकम भएको र सवै वडाले आ-आफ्नो वडामा खेलकुद कार्यकम संचालन गर्दा सवै वडाको गरी भएको खर्च रु १३ लाख १० हजार हो । |
| ९ | डिल बहादुर वि.क. | • सितखोला जाने बाटो नहुँदा मान्छेको मृत्यु पश्चात लैजान निकै कठिनाई भएकोले आवश्यक व्यवस्था हुनु पर्ने ।<br>• खानेपानी पाईप कृषि कार्यकम सवै एउटै व्यक्तिलाई दिने गलत भएको छ ।<br>• पिरापानीको चुनढुङ्गा डम्पीङ्ग समस्या भयो ।<br>• जग्गा नापनक्सा गर्दा अमिलने रकम खाने गरेका छन् ।<br>• भेडामारे विद्यालय भौतिक संरचना समस्या छ । | नगर प्रमसु, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत | बाटो मर्मतको आवश्यक व्यवस्था मिलाईने प्रतिबद्धता व्यक्त ।<br>पाईप र कृषि कार्यकम एकै व्यक्तिलाई दिईएको छैन त्यस्तो कही कतै भएको भए आगामी दिनमा सुधार गरिने छ ।<br>चुनढुङ्गा डम्पीङ्गको विषयमा न्यायीक समितिले निर्णय गरेको अवस्था छ ।<br>रकम मागेमा रकम नदिई सम्बन्धित निकायमा खवर गर्नु पर्‍यो दिनु भएन । सो विषयमा यस कार्यालयबाट गर्नु पर्ने आवश्यक सहयोग हुने प्रतिवद्धता व्यक्त गरिएको ।<br>विद्यालयको भौतिक संरचनाको विषयमा अनुगमन गरी के गर्न सकिन्छ आवश्यक पहल गरिने छ |
| १० | मधु बहादुर सारु | • उत्पादन बढाउनु पर्ने, उत्पादित बस्तु विकी गरी आम्दानी गर्नु पर्ने यस विषयमा नगरपालिकाले आवश्यक सहयोग गर्नु पर्ने । | नगर प्रमसु, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत | नगरपालिकाले आवश्यक्ता अनुसार सहयोग गर्दै आएको र आगामी दिनमा समेत आवश्यक्ता अनुसारका सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिएको । |
| ११ | केदार वेल्वासे | • सार्वजनिक जग्गाको लागत नगरपालिकाले व्यस्थित गर्नु पर्ने ।<br>• बरवोटमा रहेको चौपारी पहिले कित्ता नं. छ पछी हरायो यो कस्ले खोज्ने हो ।<br>• अग्रेजी सिफारिसको पैसा तिर्नु पर्ने | नगर प्रमसु, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत | सार्वजनिक जग्गाको लगत राख्ने विषयमा आगामी दिनमा प्रयास गरिने छ ।<br>बरवोट चौपारीको कित्ता हराएको विषयमा खोज्न सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ ।<br>सकेसम्म सिफारिसहरु वडा कार्यालय/नगरपालिकाबाटै तयार गरिदै |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | तर बाहिर बनाउनु पर्ने मिलने नगरपालिकाले नै बनाई दिनु पर्ने ।<br>• यस नगरपालिकाका वडा संख्या बढाई २१ वटा बनाउनु पर्ने ।<br>• जुकेना जाने बाटोमा गुणस्तर भएन ।<br>• भुन्टेडाडामा राजश्व गुमेको गुमै छ । व्यवस्थापन गर्नु पर्ने ।<br>• बातावरण परिक्षण गरेर डम्पीङ्ग साईड व्यवस्थापन गर्नु पर्ने ।<br>• औषधीको डेट कम भएका आउने गरेकोले आवश्यक ध्यान दिनु पर्ने ।<br>• हचुवाको तालमा बाटोको क्षेत्राधिकार तोक्नु भएन ।<br>• बाटोको सिमा तोक्दैमा व्यक्तिको सम्पत्तिलाई असर गर्नु हुदैन सर्वोचको फैसला छ । | | आएको छ । बाहिर नवनाएपनि नगरबाट हुने प्रतिवद्धता व्यक्त ।<br>२१ वडा बनाउने विषय सबैको समन्वय र सहमतीले गर्ने कार्य हो वहस चलाईने ।<br>सडकको गुणस्तर कायम गर्न गत वर्ष कार्य गरेको भुक्तानी भएको छैन । उक्त कम गुणस्तरको पुन: गर्न लगाईने छ ।<br>डम्पीङ्ग साईडलाई थप व्यवस्थित बनाईने छ ।<br>डेट कम भएको औषधी खरिदन नभएको र नगरिने प्रतिवद्धता व्यक्त ।<br>मुख्य बाटोको क्षेत्राधिकार पहिले नेपाल सरकारले तोकेको हो नगरपालिकाले होईन ।<br>कानुन अनुसार नै हुने छ । |
| १२ | अर्जुन बुढा मगर | • कुन क्षेत्रमा के उत्पादन हुन्छ । त्यसलाई ध्यन दिएर पहिचान गरी कार्य गर्नु पर्ने ।<br>• शिक्षा क्षेत्रमा अर्घाखाँचीमा हामी पछाडी किन । सुधार गर्नु पर्ने ।<br>• शिप सिकाईको लागि सामाजिक सञ्जालबाट प्रचार प्रसार गर्नु पर्ने ।<br>• ज्योतिमा कृषि पढाई हुन्छ । सबैले कृषि पढ्न विद्यार्थी ल्याउनु पर्ने । | नगर प्रमसु, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत | क्षेत्रगत उत्पादनलाई अध्ययन गरी सोही बमोजिम लगानी गर्ने विषयमा थप छलफल गरिने र कार्यान्वयन गर्दै लगिने छ ।<br>ठूलो भुगोल, गरिवी लगायतका कारणले शिक्षामा पछाडी परेको हो सुधारको लागि थप प्रयास गरिने छ ।<br>सामाजिक सञ्जालबाट प्रचार भई रहदा समेत सहभागि नआउने गरेको अवस्था छ । यस विषयमा अध्ययन गरी आवश्यक्ता र औचित्यताको आधारमा गरिने छ ।<br>कृषि पठाउने विषयमा यहाँहरुको भूमिका महत्वपूर्ण रहने भएकोले सबैको पहल हुनु पर्ने । |
| १३ | देविराम गैरे | • हामीले पेश गरेका माग सुनुवाई भएन ।<br>• विकास गर्न नगरपालिकासँग कुनै योजना नै छैन् । राजनीतिक दल र जनप्रतिनिधिहरु वसेर एउटा | नगर प्रमसु, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत | पेश भएका माग अनुसारका कार्यहरु भई रहेका छन् । यहाँहरुका सकारात्मक सुझावहरुलाई मध्यनजर गर्दै कार्य अगाडी बढाइने छ ।<br>नगरपालिकाले सबैको राय सुझाव लिएर कार्य गर्दै आएको छ । आगामी दिनमा |

प्रमुख प्रशासकीय अधिकृत

शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय झापा, कोशी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | योजना बनाउनु पर्ने ।<br>• शिक्षामा अनुगमन भएन बोलाउदा पनि नजाने समस्या भयो ।<br>• पानीको समस्या भई पाईप माग्दा नदिने आफ्ना माछेलाई मात्र दिने राम्रो भएन ।<br>• विकाससँगै आय आर्जनका कार्य समेत हुनु पर्ने ।<br>• ऋण र वजार व्यवस्थापन नगरपालिकाले गरि दिनु पर्ने ।<br>• कृषि पशु शाखामा जादा निरास बनाउने शाखाले त जनतालाई भरोसा बनाउनु पर्छ ।<br>• उत्पादन विना केही नहुने र उत्पादन नै मुख्य भएकोले उत्पादन गर्ने तर्फ जोड दिनु पर्ने । | | सबै राजनीतिक दलहरुसँ समन्वय गरी योजना निर्माण गर्ने प्रयास गरिने छ ।<br>शिक्षा सुधारको लागि अनुगमनको व्यवस्था मिलाईने छ ।<br>पाईप भएसम्म माग र आवश्यक्ताको आधारमा दिईदै आएको छ । कहिकतै समस्या भए सो लाई आगामी दिनमा ध्यान दिइने छ ।<br>नगरपालिकाले आय आर्जन बढाउन विभिन्न कार्य गर्दै आएको र गर्दै लगिने छ ।<br>ऋण र वजार व्यवस्थापनका विषयमा थप अध्यन/छलफल गरिने छ ।<br>कृषि तथा पशु शाखालाई थप चलाय मान बनाईने छ ।<br>उत्पादन बढाउन नगरपालिकाले आफै नमुना फम संचालन गरेको । यसै वर्ष देखि सहकारी मार्फत युवा उद्यमी किसानलाई समेटी उत्पादन बढाउन रकम विनियोजन भएको छ । |
| १४ | कमल पौडेल | • शिक्षा सुधार गर्नु पछ भन्ने कसैले ध्यान दिएन किन हो ।<br>• वडामा १ नमुना विद्यालय पुरानो नीति हाल खोई कता गयो । शिक्षा सुधारको लागि आवाशीय विद्यालय र नमुना विद्यालय अनिवार्य हुन पर्ने ।<br>• सेनिटरी प्याड ३ वर्ष पुरानो रहेको किन धेरै खरिद गर्ने ।<br>• अमराई कवर्डहल र अधुरा मा.वि. विद्यालयहरु सम्मपन्न गर्ने तर्फ किन ध्यान गएन ।<br>• एम्बुलेन्स एक्सिडेन्ट समस्या भयो , एम्बुलेन्स संचालनको व्यवस्थापन कार्य विधि अनुसार गर्नु पर्ने ।<br>• कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गर्नु पर्ने ।<br>• वडा नं. ६ मा पशु विकास पकेट | नगर प्रमसु, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत | शिक्षा सुधार सवैको चासोको विषय हो यस लाई सुधारको लागि आवश्यक कार्य गरिने छ ।<br>नमुना विद्यालयको अवधारणको विषयमा अध्ययन गरिने छ । आवाशीय विद्यालय र नमुना विद्यालय संचालन गर्ने तर्फ ध्यान दिईने छ । आवशीय विद्यालय संचालनको लागि भवन निर्माण भई कही सुरुवात समेत भएको अवस्था छ ।<br>सेनटरी प्याड गत आ.व.मा खरिद नगरिएको सो भन्दा अगाडीको आ.व.ले पुगेको छ । त्यसैले पुरानो हुन सक्छ । अव यस वर्ष खरिद गरी दिईने प्रतिवद्धता व्यक्त ।<br>अधुरा योजना सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थापन गर्दै सम्पन्न गर्दै लगिने छ ।<br>एम्बुलेन्स संचालनको लागि आवश्यक अध्ययन परामर्श गरी कार्यविधि कार्यान्वयन वा आवश्यक्ता अनुसार संसोधन गरी लागु गरिने छ ।<br>कर्मचारीलाई प्रोत्साहन गर्ने सोचाई रहेता |

| | | | | |
|---|---|---|---|---|
| | | क्षेत्रको ३० लाख बाट खरिद गरेका सामाग्रीको खोजी गर्नु पर्ने । | | पनि रकम अभावले नसकिएको । वडा नं. ६ को पशु पकेट क्षेत्रमा खरिद भएका सामाग्रीको अनुगमन गरी आवश्यक व्यवस्था मिलाईने छ । |
| १५ | मणिराम अधिकारी | • भ्रष्टाचारमा कुनै क्षेत्र चोखो छैन् सबै क्षेत्र सुधार हुन पर्ने, सबैले म म गरेर काम गर्नु पर्ने ।<br>• करार शिक्षक नियुक्ति स्वच्छ भएन ।<br>• शिक्षा सुधारको लागि निर्मम हुनु पर्ने जुन विषयमा विद्यार्थी फेल हुन्छन सोही शिक्षकलाई कारवाही हुने व्यवस्था गर्नु पर्ने ।<br>• जन प्रतिनिधिहरुले विभिन्न वस्ती वस्तीमा पुगेर जनचेतनाका कामहरु गर्नु पर्ने । | नगर प्रमसु, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत | भ्रष्टाचारको विषयमा नगरपालिका सुन्य सहनशिलताको नीति अंगिकार गरी अगाडी बढको छ । यहाँहरुले देखेका विषय तोकेर उठान गरे कारवाही गरिने प्रतिवद्धता व्यक्त ।<br>शिक्षक नियुक्तिका लागि प्रश्न बैक बनाई पारदर्शि बनाउने कोशिष भएको थप सुधारको लागि आवश्यक पहल गरिने छ ।<br>शिक्षा सुधारको लागि निर्मम हुनु पर्ने विषयमा आवश्यक छलफल तथा प्रकृया अगाडी बढाई के गर्न सकिन्छ । प्रयास गरिने छ ।<br>जनप्रतिनिधि समेत गाउँ गाउँ जाने कार्यक्रम बनाईने छ । |
| १६ | संजय राना | • विपद् लगायत माटोको कार्यविधि निर्माणमा दलिय रुपमा उपस्थित भई आवश्यक सहयोग भई रहेको छ ।<br>• पतञ्जली बाटो पिच गर्न भुन्टेडाँडा केसरबाट रातारात माल लैजाने कार्य गलत भयो ।<br>• किसान गरिव दुःखीले एउटा शौचालय बनाउदा रोयल्टी तिर्नु पर्ने ठूलाले तिर्नु नपर्ने यसको अत्य गर्नु पर्ने ।<br>• नगरपालिकाका ३ वटा गाडी छदाछदै भाडामा लिने कार्य गर्ने गरेको भन्ने सुनिएको छ यो गर्नु भएन ।<br>• करमा पारदर्शिता भएन, ठूला सडकबाट रोयल्टी किन लिईएन । | नगर प्रमसु, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत | दलिय सहयोगका लागि सबैलाई धन्यबाट । यस्तै सहयोग र सुझावको आगामी दिनमा समेत अपेक्षा रहेको छ ।<br>पतञ्जी सडक पिच गर्न ठेकेदारले लगेको भन्ने सुनिएको छ । केसरको नापजाच गरी रोयल्टी लिदा सो को समेत लिइने छ ।<br>रोयल्टीमा नगरपालिकाबाट काखा र पाखा गरिएको छैन ।<br>सकेसम्म भाडाका गाडी प्रयोग गरिएको छैन र गरिने छैन भन्न प्रतिवद्धता व्यक्त ।<br>करमा नगरपालिकाको कुनै पनि छुटेको छैन । अन्य निकायबाट संचालित ठूला सडकको लिन सम्बन्धित निकायलाई पत्राचार गर्दा समेत लिन नसकेको अवस्था हो र पनि नगरपालिकाको निरन्तर पहल रहेको छ । |
| १७ | मोहन पन्थी | • पुराना जनप्रतिनिधिहरुले सुरु गरेको पतञ्जलीलाई बजेट व्यवस्थापन किन भएन । | नगर प्रमसु, उप-प्रमुख, | पतञ्जली नौमुरे जलविद्युत आयोजनाको डुवान क्षेत्रमा पर्ने भएकोले वजेट विनियोजन नभएको हो । |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | • विभिन्न धार्मिक ऐतिहासिक क्षेत्रको विकासलाई बजेट व्यवस्थापन किन भएन । | प्रमुख प्रशासकीय अधिकृत | विभिन्न धार्मिक तथा ऐतिहासिक क्षेत्रको विकासको लागि केहीन केही रकम विनियोजन गरी कार्य हुदै आएको छ । थप बजेट विनियोजनका लागि पहल गरिने छ । |

प्रमुख प्रशासकीय अधिकृत

निष्कर्श :-

समग्रमा सवैका सुझावहरु मननयोग्य छन । यहाँहरुले उठाएको विषय वस्तु समग्र शितगंगाको विकास निर्माण र सेवा प्रवाह संग जोडिएको छ । सवैको चिन्ता र चासो राम्रो शितगंगा हाम्रो शितगंगा भन्ने लायक बनोस भन्नेनै रहेको छ । सवैको चाहना समृद्ध शितगंगा बनोस भन्ने नै हो । आगामी दिनमा यहाँहरुले दिएका अमुल्य सुझावहरुलाई आत्मसाथ गर्दै अगाडी बढिने कुरामा नगरपालिका प्रतिबद्ध रहेको छ ।

CamScanner